# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, फागुन १३ गते २०४२ साल (संख्या ४५

## भाग ३

### श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

### लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) (तेस्रो संशोधन) नियमावली, २०४२

लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) (तेस्रो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ को नियम ३ मा संशोधनः लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छः–

"(१क) राजपत्राङ्कित द्वितीय श्रेणीमा देहायका तह रहनेछन्:–

(१) उप-सचिव वा सो सरह र

(२) सहायक सचिव वा सो सरह ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) लेखा समूहको रिक्त पदको पूर्ति देहायबमोजिम गरिनेछः–

(क) राजपत्राङ्कित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पद रिक्त भएमा लेखा समूहका राजपत्राङ्कित द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ख) राजपत्राङ्कित द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पद रिक्त भएमा लेखा समूहको राजपत्राङ्कित तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ग) राजपत्राङ्कित तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा लेखा समूहका राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(घ) राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा बढुवा हुने पदको एक श्रेणीमुनिको लेखा समूहको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ङ) राजपत्र अनंकित तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्ति वा बढुवाद्वारा।"

४. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को उप-नियम (२) मा रहेको "द्वितीय श्रेणीको कर्मचारी" भन्ने शब्दहरूको सट्टा "द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको कर्मचारी" भन्ने शब्दहरू राखिएका छन्।

५. मूल नियमावलीको अनुसूचीमा संशोधनः मूल नियमावलीको अनुसूचीको सट्टा यसैसाथ संलग्न अनुसूची राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६२

४१७३

अनुसूची–

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

| राजपत्राङ्कित द्वितीय श्रेणी | | राजपत्राङ्कित तृतीय श्रेणी | राजपत्र अनङ्कित प्रथम श्रेणी | राजपत्र अनङ्कित द्वितीय श्रेणी | राजपत्र अनङ्कित तृतीय श्रेणी |
|---|---|---|---|---|---|
| उप-सचिव वा सो सरह | सहायक सचिव वा सो सरह | | | | |
| १. उप-महालेखा नियन्त्रक<br>२. लेखा परीक्षण निर्देशक<br>३. रक्षा लेखा नियन्त्रक<br>४. प्रमुख कोष नियन्त्रक | १. लेखा नियन्त्रक<br>२. कोष नियन्त्रक<br>३. मुख्य लेखापाल | १. बडा लेखापाल<br>२. लेखा अधिकृत<br>३. लेखा परीक्षण अधिकारी<br>४. लेखा परीक्षक<br>५. रक्षा लेखा उप-नियन्त्रक<br>६. उप-लेखा नियन्त्रक<br>७. द्वितीय सचिव लेखा | १. लेखापाल<br>२. सहचारी लेखा | १. सह लेखापाल<br>२. लेखा निरीक्षक<br>३. सहचारी | १. सहायक लेखापाल |

आज्ञाले,

मङ्गलकृष्ण श्रेष्ठ

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।